# वीरगंज महानगरपालिका ई-बुलेटिन

बर्ष १, अंक- ३५   २०७९ बैशाख २६ गते सोमबार/ नेपाल संवत् ११४१ /   Monday, May – 09, 2021  पृष्ठ ४


# जनप्रतिनीधि आएको साढे ४ वर्षमा वीरगञ्ज महानगरले हाँसिल गरेको उपलब्धी

व्यापारिक पृष्ठभूमिबाट राजनीतिमा छिरेका विजय कुमार सरावगी छोटो समयमा राम्रो उपलब्धी हाँसिल गर्ने नेता मध्येमा पर्दछन् । हुन त उनी विद्यार्थीकालदेखि नै राजनीतिमा जोडिएका थिए । उनी काँग्रेस नेता सुरेन्द्र चौधरीले वीरगञ्जमा नेवि संघको मोर्चा सम्हाल्दा समर्थक थिए ।

वीरगञ्ज उद्योग वाणिज्य संघको नेतृत्वबाट बाहिरिएपछि काँग्रेसले उनलाई आर्थिक सल्लाहाकार बनाएको थियो । वि.स.२०७४ सालको स्थानीय निर्वाचन हुनुभन्दा ६ महिनाअघि तत्कालीन संघीय समाजवादी फोरममा प्रवेश गरेका थिए । उनले १९ हजार ३ सय ९३ मत ल्याएर चुनाव पनि जितेका थिए । नगर प्रमुख सरावगीले साढे ४ वर्षमा वीरगञ्ज महानगरमा के के गरे त ? उनीसँग गरिएको कुराकानीमा आधारित

साढे ४ वर्षमा भएक मुख्य मुख्य काम २०/२५ वर्षअघिको वीरगञ्जको र अहिलेको तुलना गरेर हेर्नुहोस् निकै परिवर्तन देख्न सक्नुहुन्छ । यो साढे ४ वर्षको अवधिमा वीरगञ्जको विकासमा ९ अर्ब रुपैयाँ खर्च भएको छ । यो कम होइन । यही अवधिकम शहरीकरणमा एडीबीको प्राजेक्ट पूरा भयो । फोहोरमैला व्यवस्थापनको काममा ठूलो अपलब्धि भएको छ । यसअघि शंकराचार्य गेटमा हुने फोहोर विसर्जन अब महानगरको ल्याण्डफिल साइटमा भइरहेको छ । तर, पनि जनताले जाहा पायो त्यही फाहोर फालेर असहयोग गरेको छ । जनताले सहयोग गरेको भए अझ राम्रो गर्न सकिने थियो । त्यो राम्रो काम भएको छ । फाहोरसँग अस्तातालजन्य फोहोर पनि आउँछ । त्यसको व्यवस्थापनको लागि बेग्लै डिस्इन्फेकसन गरेर गरेका



छौं । यसका लागि ग्रिन हस्पिटल बेस्ट म्यानेजमेन्ट प्लान्ट बनेको छ । शिक्षामा धेरै राम्रो काम भएको छ । यदि त्यसमा अवार्ड गर्ने हो भने हामीले पाउँछौं । एउटा कक्षा कोठाको अभाव भयो । बजेट केन्द्रबाट आउनुपर्ने भएकाले यसमा समस्या भयो । त्यसमा पनि सकभर हामीले बनायौं । शिक्षामा आधुनिकीकरणको काम भयो । विद्यालयमा छात्राका संख्या बढेको छ । अर्को, जो स्कुलबाट बाहरि थिए , उनीहरु स्कुलमा आए । जो स्कुलमा आएनन् । उनहिरुलाई समुदायमै गएर पठाउने काम गरेका छौं । उनीहरुलाई दैनिक काम अघिपछिको समयमा पढायौं । स्वास्थ्यमा हामीकहाँ जम्मा २२ ओटो स्वास्थ्य चौकी थियो । कुनै पनि अपडेटेड थिएन । अहिले ३२ ओटै वडामा स्वास्थ्य चौकी खोल्यौं । ३ ओटा बर्थिङ सेटर खोल्यौं । ५ ओटा छिटै खोल्दैछौं । ग्रामीण वडाको गर्भवती महिलाले घरमै बच्चा जन्माउने बाध्यताको अन्त्य भएको छ । स्वास्थ्य चौकीमा आएका गर्भवती र सुत्केरीलाई पौष्टिक आहार दियौं । कम तौलको बच्चालाई सर्वोत्तम पिठो दिएका छौं । यही काम गर्दा हामीले के देख्यौ भने वृद्धवृद्धा, गर्भवती सुत्केरी महिलाहरु कतिजना स्वास्थ्य चौकी आएका रहेनछन् । हामीले तिनलाई लक्षित गरेर मेयर घरदैलौं स्वास्थ्य कार्यक्रम चलायौं । अब घरदैलोमै परीक्षण भएको छ । उनीहरुको ब्लडप्रेसर, सुगर चेक गराएर स्वास्थ्य चौकी वा अस्पतालमा निशुल्क उपचार र औषधि दिन्छौं । कोरोना महामारी नभएको भए यो धेरै अघि नै शुरु हुन्थ्यो । यसमा केही ढिलाई भयो । ग्रामीण स्वास्थ्यमा सुधार आएका कारण र हाम्रा स्वास्थ्य संस्थाको प्रभावकारिताका कारण वीरगञ्जको नारायणी अस्पतालको ओपिडीमा दैनिक आउने बिरामी घटेका छन् । दैनिक १२ सय बिरामी आउेमा अहिले दैनिक ६ सयमा झरेको छ । यसमा हाम्रो सेवाले काम गरेको छ । स्वास्थ्यमा राम्रो काम गरेका छौं । जनताले स्वास्थ्य चौकीमा सेवा पाइरहेको छ । वीरगञ्ज महानगरलाई पूर्ण खोप महानगर घोषणा गरेका छौं । उज्यालो वीरगञ्ज अभियानअन्तर्गत २४ करोडको लागतमा १४ हजार एलईडी लाइट लगाउने काम भइरहेको छ । यो चाँडै पुरा हुन्छ । त्यसपछि कुनै पनि वडा अध्यारो हुँदैन । २०० किमी पीच, ढलाई र ग्राभेल सडक नयाँ निर्माण नयाँ भएको छ । सानाठूला १५० ओटा नाला बनायौं । थुप्रै कल्भटहरु निर्माण भएका छन् । आवगामन सहज भएको छ । वर्षेनि भेडाहा खोलाका कारण वीरगञ्ज डुवानमा पर्ने अवस्था छ । भेडाहाको पानी सिर्सियामा पसेर वीरगञ्जमा डुवान हुन्थ्यो । ग्रामीण क्षेत्रमा ५ ओटा वडामा यो समस्या बढी थियो । यसका लागि ४१ करोडको योजना ल्याएको छु । यो बहुवर्षीय योजना शुरु हुँदैछ । भेडाहा खोलको तल ४८ र माथि २२ फिटको बाँघ हुन्छ । २२ फिटमा ग्राभेल हालेर बाटोको रुपमा प्रयोग गर्ने योजना छ । यो भयो भने वीरगञ्ज पनि डुबान हुँदैन । अत्याधुनिक बस पार्क, पार्किडको व्यवस्था भएको छ । ६ हजार वृद्धबृद्धा असहायलाई जाडोमा कम्बल, २ हजार चापाकल र १५ सय ग्यास र चुलो बाँडेका छौं । महिला सशक्तिकरण र रोजगारका लागि ५ हजार जनालाई तालीम दिएर रोजगारी दिएका छौं ।

चर्चामा कोरोना महामारी नियन्त्रण मोडेल

कोभिडको बेलामा वीरगञ्जले देशलाई नै उदाहरण दियो । हामीले आफ्नो स्रोतबाट १२ करोड रुपैयाँ खर्च गर्‍यौं कोरोना नियन्त्रणका लागि । वीरगञ्जमात्र होइन, पर्सा जिज्ल्ला र महोत्तरीसम्मका मानिसलाई उपचार गर्‍यौं । २ वर्षदेखि सीमानामा हेल्ड डेक्स सञ्चालन गरेका छौं । स्रोत र जनशक्तिको कमी भएर पनि राम्ररी चलेको छ । त्यसले परिणाम पनि दिएको छ । कोरोना महामारी उत्कर्ष रहँदा सीमानामा परीक्षण गरी संक्रमितको पहिचानमा यसले निकै राम्रो काम गरेको छ । फेला परेकामध्ये ८० प्रतिशत भारतीय हुन्थे । उनीहरुलाई उतै फर्काउने र नेपालका संक्रमितलाई सुरक्षित आइसोलेसनमा पठाउने काम भयो । घरघरमा पुगेर टेस्ट गर्ने काम भयो । एकघर एक पीसीआर टेस्टको कुरा मैले नै ल्याएको हो । वीरगञ्ज पीसीआर मेसिन ल्याउने पहिलो महानगर हो । अहिले त्यसबाट नारायणी अस्पतालमा टेस्ट हुन्छ । त्यसमा यहाँका व्यापारीले सहयोग गरे । त्यतिबेला प्रमुख जिल्ला अधिकारी र राजनीतिक असहयोगका कारण एकघर एक पीसीआर अवरुद्ध भयो । तैपनि हामीले २० हजारभन्दा बढी टेस्ट गरेका थियौं । खोप कार्यक्रम सफलता पूर्वक गरेका छौं ।

गर्न बाँकी रहका काम

गर्नुपर्ने थुप्रै कुरा हुन्छन् । ती चुनावको बेला भनेर पनि आएको हुन्छ । हामी आउँदा महानगर ३६ करोड रुपैयाँ ऋणमा थियो । कर्मचारीको अभाव थियो । अहिले पनि सातौं तहको इन्जिनियरबाट काम गराएका छौं । जव कि, यसमा उपसचिव तहको जनशक्ति

बांकी तेश्रो पेजमा

# पर्सामा ३ दिन मदिरा बिक्रिमा रोक, सीमा नाका ४८ घण्टाका लागि बन्द



आसन्न स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर पर्सामा तीन दिन मदिरा बिक्रि वितरण, सेवन तथा ओसार पसारमा रोक लगाईएको छ । बैशाख २७ गते मध्यरातको १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्मका लागि मदिरा बिक्रि वितरण, सेवन तथा ओसार प्रसारमा रोक लगाईएको हो ।

प्रमुख जिल्ला अधिकारी उमेश कुमारले सूचना जारी गर्दै मादक पदार्थको ओसारपसार, बिक्रि वितरण थता सेवानमा सख्त निषेध गरिएको जानकारी दिएका छन् ।

त्यसैगरि मतदानको दिनभन्दा अगाडी ४८ घण्टाका लागि सीमा नाका समेत बन्द गरिएको प्रमुख जिल्ला अधिकारी ढकालले जानकारी दिए । मतदान बैशाख ३० गते हुँदैछ । मतदानको दिनको ४८ घण्टा अगाडिदेखि मतदान कार्य सम्पन्न नभएसम्मका लागि पर्सा जिल्लाको भारतसँग जोडिएका सीमा नाकाबाट आवतजावत बन्द गरिएको उनले बताए ।

म्तदान स्थलमा क्यामरा, मोबाईल फोन र अनाधिकृत रुपमा मतदान केन्द्रको फोटो लिन निषेध गरिएको पनि सूचनामा उल्लेख छ ।

# कानून निर्माणमा महानगरको प्रगति



नेपाली जनताले पहिलो पटक आफैले निर्वाचित गरेको संविधान सभाका प्रतिनिधिबाट निर्माण गरिएको नेपालको संविधान २०७२ साल असोज ३ गतेदेखि लागू भयो । नेपाल संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको क्रमश: अनुसूची ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीयतहका साझा अधिकारलाई अनुसूची ७ र ९ मा समावेश गरिएको छ । संविधानमा उल्लिखित अधिकारसूचीको विवरण अनुसूची (१ मा उल्लेख गरिएको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

राज्य पुर्नसंरचनापछि २०७४ सालमा भएको स्थानीय निर्वाचनपछि वीरगन्ज महानगरपालिकामा गठन भएको स्थानीय तहको सरकार प्रमुखको हैसियतमा महानगर प्रमुख विजय कुमार सरावगीले नेतृत्व सम्हाल्नुभयो । झण्डै दुईदशक जनप्रतिनिधि विहिन रहेको महानगरपालिकामा नयाँ संरचना र नयाँ प्रणालीमा सञ्चालन गर्नु चुनौति नै थियो । पूरानै पद्धतिमा चलिरहेको महानगरपालिकालाई नयाँ प्रणालीमा सञ्चालन र व्यावस्थापनमा चुनौतीहरु पनि थिए । शासन सञ्चालन तथा सरकार सञ्चालन गर्न एउटा बलियो आधार भनेकै विधि, पद्धति र कानून हो । त्यसैले महानगरपालिकामा नगर प्रमुख विजय कुमार सरावगी सरकार प्रमुखको जिम्मेवारीमा आउनुभएपछि धेरै ऐन कानूनहरुको निर्माण भएका छन् । जसले स्थानीय सरकार सञ्चालनका लागि कानूनी आधारहरुपनि तयार भयो । तत्कालिन अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत सञ्चालन भईरहेका स्थानीय निकायहरु संघीय संरचना र संविधान निर्माणपछि भएको निर्वाचनपछि स्थानीय तहको रुपमा संचालित सरकारका लागि स्थानीय तह सञ्चालन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको सेवा तथा व्यावस्थापन ऐन, २०७४ बन्यो । र यसले सबै स्थानीय तहहरुलाई सोही अनुसारको ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरु निर्माण गरेर सरकार सञ्चालनमा निर्देशित गरेको छ । स्थानीय तहरुले पाएका २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरु पाएका छन् ।

त्यस अन्तर्गत विषयक्षेत्रगत कार्य तथा अधिकारक्षेत्रको कार्यहरु कानून, न्याय तथा संसदीय मामिला ( सभा, न्याय प्रशासन, कानून, अदालत सम्बन्धी समेत) मा ९ वटा अधिकार, शिक्षा (माध्यमिक शिक्षा, प्राविधिक शिक्षा, विश्वविद्यालय शिक्षा, विज्ञान प्रबिधि, प्रज्ञा प्रतिष्ठान, पुस्तकालय समेत) २३ वटा ऐन स्थानीय तहको विषयक्षेत्रगत तथा अधिकारक्षेत्रको कार्यहरु रहेको छ ।

त्यस्तै स्वास्थ्य तथा जनसंख्यामा २९ वटा, पूर्वाधार विकास र यातायातमा ३७ वटा, संस्कृति, पर्यटन र नागरिक उड्डयनमा ६ वटा, शहरी विकास (योजना तथा तथ्याङ्क समेत) ३७ वटा, खानेपानी तथा सरसफाइमा ५ वटा, सञ्चार तथा सूचना प्रबिधि ( दूरसञ्चार, पत्रपत्रिका, छापाखाना, रेडियो, टेलिभिजन र हुलाक समेत) ५ वटा स्थानीय तहको विषयक्षेत्रगत तथा अधिकारक्षेत्रको कार्यहरु रहेको छ । यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइमा ९ वटा, वन तथा वातावरण (वन, वातावरण, जलाधार, वन्यजन्तु, भूसंरक्षण, जलवायू परिवर्तन समेत) ३७ वटा, भूमि व्यवस्था तथा सहकारी (भू( उपयोग, वस्ती विकास समेत) १८ वटा, कृषि तथा पशुपंछी विकास २३ वटा, श्रम, रोजगार र सामाजिक सुरक्षा, ६ वटा, उद्योग, वाणिज्य तथा आपुर्ति ( खानी खनिज समेत) १९ वटा र महिला, बालबालिका, जेष्ठ नागरिक (संघसंस्था समेत) १० वटा, युवा तथा खेलकुद ५ वटा स्थानीय तहको विषयक्षेत्रगत तथा अधिकारक्षेत्रको कार्यहरु रहेको छ । यसरी स्थानीय तहको २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार भित्रको स्थानीय तहको विषयक्षेत्रगत तथा अधिकारक्षेत्रको कार्यहरु मध्य

बांकी चौथो पेजमा

## सम्पादकीय

# सक्षमलाई भोट

संविधानले स्थानीय सरकारलाई २२ वटा एकल अधिकार दिएको छ । संघसँग र प्रदेशसँगको सहकार्यमापनि केहि अधिकार दिएको छ। यी अधिकार असल प्रतिनिधिबाट प्रयोग हुनुपर्छ। असल प्रतिनीधि चयन गर्नका लीगि नै हो, स्थानीय तह निर्वाचन। बैशाख ३० गते दोस्रो पटक स्थानीय तहको निर्वाचन हुँदैछ। मौसमी गर्मीसँगै वीरगञ्जमा चुनावी गर्मी छ। उम्मेदवारहरु एक अर्को उम्मेदवारलाई कमजोर र आफूलाई अब्बल बनाउन अनेक गतिविधि सञ्चालन गरिरहेका छन् । नगर प्रमुख अर्थात मेयरमा मात्रै ३० जनाले उम्मेदवारी दिएपनि मुख्य प्रतिश्पर्धा सत्ता गठबन्धन र एमाले लोसपा गठबन्धनबीच हुने आंकलन छ।

वीरगञ्ज अर्थिक नगरी मात्रै नभएर व्यापार तथा पारवहनको शहर हो । सीमाञ्चल सहरका अनेक विशेषता छन् । ती विशेषतालाई पहिचान गरेर अघि बढाउन सक्ने नेतृत्व वीरगञ्जले खोजेको छ। भोट कसलाई दिने ? भन्ने सबैको मनमा आउने प्रश्न हो। जो खुलेर राजनीतिक दलमा लागेका छन् । उनीहरुलाई यो प्रश्नले सताउँदैन । किनकी उनीहरु आफ्नो दलको उम्मेदवारलाई नै मतदान दिन्छन्। उम्मेदवार जस्तोसुकै हुन धेरैलाई फरक पर्दैन। तर कतिपय मतदाता राम्रो उम्मेदवार आउन र वीरगञ्जको विकास गरोस भन्ने चाहान्छन्।

स्थानीय तहबाट प्रवाह हुने सेवा सुविधालाई सहज, प्रभावकारी बनाउन र विकास निर्माणलाई तीव्रता दिन सक्लाई नेतृत्वमा पुऱ्याउने हो । उनीहरुले पाँच वर्षसम्म नगर कार्यपालिका, नगर सभा चलाउँछन् । न्यायिक समिति मार्फत विवाद समाधान गर्छन्। महानगरको मेयर उपमेयर भनेको आफ्नो नगरको प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख बनाउनु हो। संविधानले तीन तहबीच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्त आत्मसात् गर्दै स्थानीय सरकारलाई बलियो बनाएको छ। पाँच वर्षसम्म जनप्रतिनिधिलाई महाअभियोग लगाउन, प्रत्याह्वान (फिर्ता) गर्न नपाउने संवैधानिक व्यवस्था छ। दलहरूको प्रचार(प्रसार गर्ने शैली, घोषणापत्र आदिले मतदातालाई यसअघिका निर्वाचन भन्दा फरक ढंगले बुझउन सकेको छैन।

अझ वीरगञ्जको सन्दर्भमा पुरानै अनुहार चुनावी मैदानमा छन् । निवर्तमान मेयरले नै निरन्तरता पाउने हो वा नयाँ आउने हुन मतपरिणाम आएपछि थाहा हुन्छ । वीरगञ्ज महानगरपालिकामा ३२ वटा वडा छ। हरेक वडामा ५/५ जना जनप्रतिनीधि हुन्छन्। मेयर र उपमेयर गरेर ७ जनालाई मतदान गर्नुपर्ने हुन्छ। मेयर र उपमेयरले महानगरको ३२ वटै वडाबाट मत पाउँछन् । चुनावको समयमा हुने सानो गल्तीले स्थानीय तह नै कमजोर बन्न सक्छ । स्थानीय तहबाट प्रवाह हुने सेवासुविधामा सुधार नआउन सक्छ। यस्तो अवस्था आउन नदिनु मतदाताको दायित्व हो। स्थानीय तह जनताको घरदैलोको सरकार हो । यसबाट प्रवाह गरिने सेवासुविधा सहज र प्रभावकारी हुनुपर्छ। निर्वाचनमा मतदाताले पार्टी वा उम्मेदवारको क्षमता, प्रतिबद्धता र उसले उठाएको मुद्दालाई मिहिन ढंगले हेरेर मत दिनुपर्छ। उम्मेदवारहरूको गुण(दोष केलाउनुर्छ। इमानदार र सदाचारी उम्मेदवार रोज्नुपर्छ। सक्षमलाई भोट दिनुपर्छ।

# श्रमिक दिवस र श्रमिकका समस्या

श्रमिक दिवस अर्थात् मे १ लाई विश्वभर मजदुर दिवसका रूपमा मनाइन्छ। सिकागोको हेमाक्रेटामा सन् १८८६ को नरसंहारमा मारिएका मजदुर र आममानिसको सम्झनामा यस दिवसलाई मनाइने गरिन्छ।

अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापना हुनुअघि मजदुरलाई वस्तुको रूपमा हेरिन्थ्यो । त्यतिबेला कमभन्दा कम तलब दिइन्थ्यो। ज्याला, तलब दिने प्रचलन १९ औ शताब्दीपछि सुरु भएको हो । मजदुरसँग आश्रित परिवारलाई बेवास्ता गरिन्थ्यो। एउटा वर्गले अर्को वर्गमाथि शोषण गरेको थियो।

सन् १९१९ मा अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापना भयो। आइएलएलोले आफ्नो स्थापनाकालदेखि नै श्रमिकहरूको हकअधिकारका लागि काम गर्दै आएको छ । विश्वका धेरै मुलुक आर्थिक समृद्धितर्फ लागेपछि श्रम क्षेत्र विस्तार हुँदै गयो। श्रमबजारमा श्रमिकको माग बढ्दै गयो।

नेपाल सन् १९६६ देखि नै औपचारिक रूपमा आइएलएलोसँग आबद्ध छ। श्रम गरी आफ्नो जीविकोपार्जन गर्ने हरेक व्यक्ति श्रमिक हुन्। नेपालको संविधानले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने व्यक्तिलाई कामदार वा मजदुर मानेको छ।

नेपालको सन्दर्भमा कुरा गर्दा नेपालमा श्रम बहसको इतिहास त्यति लामो छैन। वि.सं. १९१० सालको ऐनभन्दा पहिले हिन्दु शास्त्रसम्मत नियम थियो । त्यतिबेला खेतीपाती, पशुपालन गर्ने नोकर हुन्थे। उनीहरूलाई तलब दिँदा जिन्सी, अनपात दिने चलन थियो।

'इक्वेल भ्यालु अफ वर्क' को सिद्धान्तमा रही हरेक रोजगारदाताले समान कामका लागि पारिश्रमिक भेदभाव गर्न नहुने कुरा उल्लेख गरेको छ। यति नियम तथा कानुन बने पनि श्रमिकको अवस्था उस्तै छ। आज पनि लाखौं युवा खाडी मुलुकमा काम गर्न बाध्य छन्।

वि.सं १९१० को मुलुकी ऐनअन्तर्गत खेताला, भरियालाई रोजको १० पैसाका दरले ज्याला दिने, कैदीलाई सडक खन्याउन लगाउँदा ६ पैसा ज्याला दिने, कर्मचारी, जंगी, गैर जागिरदारका लागि ज्याला व्यवस्था गरिएको थियो। २००७ सालको संविधानमा मजदुर, स्त्रीलाई बलपूर्वक, बालबालिकालाई कलिलो उमेरलाई दुरूप्रयोग गर्नु नहुने जस्ता कुरा राज्यको नीति निर्देशक सिद्धान्तअर्न्तगत राखिएको थियो।

नेपालको अन्तरिम संविधान २०६३ अन्तर्गत सबै नागरिकका लागि मौलिक अधिकार प्रत्याभूत भएअनुरूप नेपाली श्रमिक वा कामदारको हकलाई पनि संरक्षण गरेको पाइन्छ । श्रम ऐन २०४८ ले पनि कामदार वा श्रमिकको लागि विभिन्न व्यवस्था गरेको छ।

हाल श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकको हकअधिकार प्रवर्द्धनका निम्ति काम गर्दै आएको छ।यस मन्त्रालयअन्तर्गत विभिन्न विभागको गठन र कानुन तथा नीति निर्माण भएको छ । श्रम र रोजगार सम्बन्धी नीति पनि ल्याएको छ।

नेपालको संविधान २०७२ को धारा ३३ ले रोजगारको हक र धारा ३४ ले श्रमको हक हुने उल्लेख पनि गरेको छ। राज्यले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चितता गरेको छ।

श्रमको उचित मूल्य दिनुपर्ने भनेको छ। कुनै पनि मानिसले आफ्नो क्षमता र दक्षता अनुसारको रोजगार छनोट गर्न पाउने अधिकार सबैलाई रहेको छ। नेपालको प्रचलित कानुनको अधिनमा रही स्वतन्त्रताका साथ काम गर्न कसैले बाधा पुऱ्याउन पाइने छैन।

'इक्वेल भ्यालु अफ वर्क' को सिद्धान्तमा रही हरेक रोजगारदाताले समान कामका लागि पारिश्रमिक भेदभाव गर्न नहुने कुरा उल्लेख गरेको छ। यति नियम तथा कानुन बने पनि श्रमिकको अवस्था उस्तै छ। आज पनि लाखौं युवा खाडी मुलुकमा काम गर्न बाध्य छन्। छिमेकी मुलुक भारतमा श्रम गर्न जानेको संख्या पनि उस्तै छ।

मानव जाति परापूर्वकालदेखि नै एउटा स्थानबाट अर्को स्थानमा विभिन्न कामले यात्रा गरिराख्छन्। आधुनिक युगसँगै मानिसहरू रोजगारका लागि, आनन्दपूर्वक जीवन जीउन एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्छन्।

वीरगञ्ज आर्थिक एवं औद्योगिक नगरीको रुपमा परिचित छ। रोजगारीसँगै विभिन्न अवसरका लागि यो ठाउँ रोजिन्छ। दैनिक ज्याला गरी गुजारा चलाउने सयौं श्रमिक छन्। बिहान घण्टाघरदेखि माइस्थानसम्मको सडकमा उनीहरुलाई देख्न सकिन्छ। सबैले सँधै काम पाउँछन भन्ने ग्यारेन्टी छैन । तीन तहको सरकारले किन श्रमिकको समस्यालाई सम्बोधन गरिरहेको छैन ? श्रमिकका लागि जति ऐन, कानुन बने पनि समस्या उस्तै भएपछि त्यसले के अर्थ राख्छ ? कतिपय श्रमिकलाई श्रम दिवस किन, कसका लागि श्रम दिवस, कहिले हो श्रम दिवस पनि थाहा हुँदैन । श्रमिकको समस्या समाधानका लागि स्थानीय सरकारले धेरै गर्न सक्दैन। सिमित स्रोत साधनबाट स्थानीय सरकार सञ्चालनमा छ। हुन त प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगारलाई रोजगारी दिने, सिपमुलक तालिम दिएर रोजगार बनाउने काम वीरगञ्ज महानगरले गरनै रहेको छ। तर सत्य के हो भने स्थानीय सरकारले मात्रै श्रमिकको समस्या समाधान गर्न सक्दैन । संघ र प्रदेश सरकारले श्रमिकको समस्या समाधानका लागि नीति, कार्यक्रम र बजेटको व्यवस्था गर्नुपर्छ । औपचारिक क्षेत्रलाई मात्रै नभएर अनौपचारिक क्षेत्रका श्रमिकलाई पनि सामाजिक सुरक्षा कार्यक्रममा समेटनुपर्छ। श्रमिकले राज्य आफ्नो भएको अनुभूति गर्नुपर्छ।

# स्थानीय तहसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ को भाग १७ स्थानीय कार्यपालिकाअन्तर्गत धारा २१४(२२० मा स्थानीय कार्यपालिकाका विषयमा चर्चा गरेको छ। जसअनुसार धारा २१४(३) ले "गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँकार्यपालिका र नगर कार्यपालिकाको हुने" कुरा उल्लेख गरिएको छ । संविधानको धारा २१८ ले "गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने" भन्ने कुराको चर्चा गरेर नियमावली बनाउने अधिकार प्रदान गरेको छ।

भाग १८ स्थानीय व्यवस्थापिका शीर्षकअन्तर्गत धारा २२१(२२७ मा स्थानीय व्यवस्थापिकासम्बन्धी व्यवस्था गरिएको छ । धारा २२१ मा स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँसभा र नगरसभामा निहित रहने कुराको चर्चा गरेको छ । धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूची ८ र ९ बमोजिमका सूचीमा उल्लेखित विषयमा आवश्यक कानुन बनाउनसक्ने कुराको चर्चा गरेको छ।

१९ वर्षसम्म स्थानीय निकायको निर्वाचन हुन सकेन। मुलुक संघीय व्यवस्थामा गएपछि पहिलोपटक ०७४ सालको निर्वाचनबाट नयाँ जनप्रतिनीधि आए । लामो समयसँग जनप्रतिनीधि बिहिन अवस्था विद्यमान हुँदा जनताका आकांक्षाहरु बढी नै थिए। ती आशाहरु पुरा हुन नसकेका कारण जनता निराश बनेको अवस्था छ।

जुन उत्साह उमंगका साथ साथ निर्वाचित पदाधिकारीहरूले कार्य गर्न सक्छन् भन्ने थियो त्यो हुन सकेन । किन उनीहरुले जन अपेक्षा अनुसार काम गनए सकेनन भन्ने जान्नु आवश्यक छ। त्यसका लागि संवैधानिक, कानुनी व्यवस्था अध्ययन गर्नु जरुरी हुन्छ । कहीँ संविधान र कानुनले नै निर्वाचित जनप्रतिनिधिको हात त बाँधेको छैन ? यसबारे अध्ययन गर्नु आवश्यक भएकाले यहाँ नेपालको संविधान २०७२ का सम्बन्धित व्यवस्थाबारे चर्चा गरिएको छ।

२०६२(६३ को आन्दोलनको पृष्ठभूमिमा घोषित नेपालको अन्तरिम संविधान, २०६३ र जनताको बढ्दो आकांक्षाको पृष्ठभूमिका दोस्रो संविधानसभाद्वारा घोषित नेपालको संविधान २०७२ को प्रस्तावनाले सार्वभौम नेपाली जनताका लागि कार्य गर्नुपर्ने दायित्व स्थानीय सरकारका निर्वाचित पदाधिकारीको काँधमा पनि राखिदिएको छ।

### स्थानीय तहका काम, कर्तव्य र अधिकार

स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूले जनताका लागि के को आधारमा काम गर्छन् ? स्थानीय तहले संविधानतः र कानुनी व्यवस्थाअनुसार प्राप्त गरेका काम, कर्तव्य र अधिकार आदिबारे प्रष्ट जानकारी राख्नु आवश्यक हुन जाने हुन्छ र सोहीअनुसार स्थानीय तहमा कार्य गर्नुपर्ने हुन्छ।

नेपालको संविधान २०७२ ले केन्द्रीय प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकारको व्यवस्था गरेको छ र यिनीहरूको अधिकार र क्षेत्राधिकारको बाँडफाँड र विभाजन गरेको छ । वर्तमान संवैधानिक व्यवस्था अनुसार स्थानीय तह (यस संविधान घोषणा पूर्व स्थानीय निकाय भनिएको)मा वर्तमान संविधानले यसलाई स्थानीय तहमा रूपान्तरित गरेको छ। स्थानीय विकास मन्त्रालयले वडाले प्रयोग गर्ने ३७ अधिकारको सूची प्रकाशित गरेको छ। स्थानीय तह सञ्चालनसम्बन्धी आदेश २०७४ ले यिनीहरूलाई कार्य गर्न सहज बनाइदिएको छ।

### स्थानीय तहको अधिकारको सूची

नेपालको संविधान २०७२ को अनुसूची( ८ मा उल्लेख भएअनुसार स्थानीय तहले २२ ओटा अधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ जुन निम्नानुसार रहेका छन् (१) नगर प्रहरी, (२) सहकारी संस्था, (३) एफ. एम.सञ्चालन, (४) स्थानीय कर ((१) सम्पत्ति कर, (२) घर बहाल कर, (३) घरजग्गा रजिष्ट्रेशन शुल्क, (४) सवारी साधन कर), सेवा शुल्क दस्तु, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिका (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन, (५) स्थानीय सेवाको व्यवस्थापन, (६) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन (७) स्थानीय तहको विकास आयोजना तथा परियोजनाहरू, (८) आधारभूत र माध्यमिक शिक्षा, (९) आधरभूत स्वास्थ्य र सरसफाइ, (१०) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, (११) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ, (१२) गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, (१३) स्थानीय अभिलेख व्यवस्थापन, (१४) घरजग्गा धनी पुर्जा वितरण, (१५) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य, सहकारी, (१६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, (१७) बेरोजगारको तथ्याङ्क सङ्कलन, (१८) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, (१९) खानेपानी, साना ( जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा), (२०) विपद व्यवस्थापन, (२१) जलाधर, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, (२२) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास आदि रहेका छन्। यी अधिकार स्थानीय तहले मात्र एकाधिकार गर्न पाउने अधिकार हुन्।

### संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

२०७२ को संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अनुसूची( ९ मा उल्लेख गरेको छ। जसमा १५ क्षेत्र/विषयमा स्थानीय तहको समेत दावी पुग्न जाने हुन्छ। यस्ता विषयमा (१) सहकारी, (२) शिक्षा, खेलकुद र पत्रपत्रिका, (३) स्वास्थ्य, (४) कृषि, (५) विद्युत, खानेपानी, सिँचाइ जस्ता सेवाहरू, (६) सेवा शुल्क/दस्तुर, दण्ड र जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, (७) वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, (८) खानी तथा खनिज, (९) विपद व्यवस्थापन, (१०) सामाजिक सुरक्षा र गरिबी निवारण, (११) व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क (१२) पुरातत्व, प्राचीन स्मारक र संग्राहालय, (१३) सुकुम्बासी व्यवस्थापन, (१४) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, (१५) सवारी साधन अनुमति जस्ता विषय रहेका छन्।

निर्वाचित जनप्रतिनिधिहरूले स्थानीय सरकारमा रही कार्य गर्ने क्रममा उनीहरूलाई संविधान, कानुनद्वारा प्रदान गरिएको क्षेत्राधिकारका, कर्तव्य र अधिकारबारे पनि पर्याप्त जानकारी राख्नु पर्ने भएकाले यससम्बन्धी संवैधानिक व्यवस्थाको यहाँ चर्चा गरिएको छ । भाग ३५, २०८ धारा, अनुसूची(९ भएको दोस्रो संविधानसभाद्वारा घोषित नेपालको संविधान २०७२ को भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड शीर्षकमा केन्द्र, प्रदेश र स्थानीय तहबीच प्रष्ट अधिकारको बाँडफाँड गरिएको छ।

धारा ५७ राज्य शक्तिको बाँडफाँडको उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची(८ मा उल्लेखित विषयमा निहित रहने र यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने कुरा उल्लेख

"करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं" "बीरगञ्ज नगरलाई समृद्ध बनाऔं"

## जनप्रतिनीधि.....

चाहिन्छ । शहरीकरणका लागि टाउन प्लानर चाहिन्छ , हामीसँग केही छैन । वीरगञ्जको शहरीकरणको डिजइन बनाउन सहरी विकास मन्त्रालयमा लेखेर भन्दा पनि मद्दत पाइएन । तापनि, यातायात र ल्याण्डयुजको योजना बनाएको छु। आवधिक याजना बनाएको छ । वीरगञ्जको विकासको एउटा खाका बानिसकेको छ ।

त्यसैलाई टेकेर अब आउने जनप्रतिनिधिले काम गर्न सक्छन् । म आए पनि नआए पनि भोलि जो आउँछ, उसलाई म सघाउँछु । वीरगञ्जलाई सुन्दर सहर बनाउने आशा र आवश्यकता छ । हामीले यहाँका सबै बासिन्दालाई सबैखालको सुविधा दिनु पर्दछ । अब पुरानो वीरगञ्जमा मात्र यो सम्भव छैन । ल्याण्ड पुल गरेर आईसीपी र आईसीडीबीचका २६ र २७ नम्बर वडालाई जोडेर नयाँ वीरगञ्ज बनाउनु पर्दछ। नयाँ ठाउँमा व्यवस्थित पूर्वाधार लैजानु पर्दछ । ट्रान्सपोर्ट नगरको काम हुन सकेको छैन, जो अतिआवश्यक छ । आईसीपी आईसीडीबीचको ६२ विगाह जग्गामा यो बनाउनु पर्दछ। त्यसका लागि पनि प्रस्ताव लैजाँदै छौं। वीरगञ्जका लागि गर्नुपर्ने थुप्रै काम छन् , नारायणी अस्पताल व्यवस्थित भए पनि नयाँ पूर्वाधारमा ३ वर्षदेखि काम हुन सकेको छैन। स्वास्थ्य उपचार घरघरमा पाउने व्यवस्था दिनु पर्दछ। स्वास्थ्यको लागि स्वच्छ वातावरण चाहिन्छ । मैले हरियाली वीरगञ्जको ३ करोड ३० लाखको योजना ल्याएको थिएँ। टेण्डर पनि भयो, संघ सरकारले बजेट निकासा नगर्दा काम अघि बढ्न सकेन ।

### तहगत सरकाबीच समन्वयको अभाव

विकासका काममा तहगत सरकारबीच ठिक तरिकाले समन्वय हुन सकेको छैन । प्रदेश र संघ सरकार आउने, काम गर्ने, अलपत्र पारेर हिड्ने काम भएको छ । जस्तो पदम रोडको हुलाकी राजमार्ग हेर्नुहोस्, त्यहाँ न नाला चलेको छ, न ढल क्लियर गरेको छ। त्यसले गर्दा हामीलाई गाह्रो भएको छ। जथाभावी मास्क लाइट लगाएर छाडेको छ । त्यसको संरक्षण कसले गर्ने ? यसकारण कुनै पनि योजना ल्याउँदा हामीसँग सहकार्य हुनुपर्ने हो। त्यो हुन सकेन। लक्ष्मनवाको कृषिमण्डीको त्यस्तै बेहाल छ । त्यसमा ५० लाख रुपैयाँ खर्च भएको छ । आज त्यो ठाउँ दुर्व्यसनीको अखडाजस्तो भएको छ । ठाउँठाउँमा धर्मशाला बनाका छन्, त्यसको स्वामित्व र संरक्षणको जिम्मा कसले लिने ?बर्थिङ सेन्टर ४ ओटा बनाएको बनाएको सुनिएको छ, तर त्यसका केही पनि छैन । २/४ लाखलका योजनामा पनि संघ र प्रदेश आफैं अगाडि आएका छन् । पानीको धारा बाँड्न पनि आइपुग्छन् । त्यो त स्थानीय सरकारलाई पठाउनु पर्छ नि । अझै पनि केन्द्रीकृत मानसिकता र कार्यकर्ता पाल्ने मानसिकता गएको छैन । यसले स्थानीय सरकारलाई गाह्रो भएको छ। कहिलेकाँही दोहोरो तेहोरो योजना एकै ठाउँमा परेको छ । तहगत सरकारबीच सहकार्य नहुँदा त्यस्ता पूर्वाधारको प्रतिफल आउन सकेको छैन । आउँदा दिनमा यस्ता विषयमा सोच्नु आवश्यक छ । स्रोत र समन्वयको समस्याले सोचेजस्तो काम गर्न सकिएन । यसकारण यस्ता काम गर्दा कम्तीमा हामीसँग सम्झौता गर्नुपर्ने थियो ।

### जनशक्तिको अभाव

सोचेजति काम नहुनुमा मानवीय जनशक्तिको अभाव पनि एउटा मुख्य कारण हो । हामी आउँदा महानगरको आन्तरिक आय १७ करोड रुपैयाँ थियो । अहिले ४५ करोड पुऱ्याएका छौं। वडामा कर्मचारी छैनन् । एउटा सचिवले ३ वडा हेरेको छ । यसकारण अब हरेक वडालाई अनलाइनबाट काम गर्ने पूर्वाधार बनाउन लागेका छौं । अब सेवाग्राही महानगरमा धाउनु पर्दैन । १ हजार वर्गफीटसम्मको नक्सा वडाबाटै पास गर्ने व्यवस्था मिलाउँछौं ।

हामी निर्णय गर्छौं, साधन स्रोत भए पनि काम गर्ने मानिस छैन। लाोकसेवाले मानिस दिन्छ भनेको छ, तर आजसम्म आपूर्ति गरेको छैन । महानगरको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐनमा तोकेको छ। तर त्यो हाम्रो स्रोतसाधनबाट मात्र सम्भव हुँदैन । त्यसका लागि पनि संघ प्रदेश र विकास साझेदारको सहयोग त चाहिन्छ । यसको समन्वय हुन सकेको छैन । अहिले पनि जो मन्त्रीछ उसले अफ्नो क्षेत्रमा साधनस्रोत लैजाने परिपाटी छ। महानगरका लागि छुट्टै ऐन आवश्यक गाउँपालिकादेखि महानगरपालिकासम्म एउटै ऐन छ। त्यसले हुँदैन ।

महानगर भनेको ठूलो हुन्छ, काम धेरै गर्नुपर्ने हुन्छ । गाउँपालिका लेबलबाट त हामी चल्न सक्दैन नि । आउने दिनमा यो संशोधन आवश्यक छ । कानूनले अहिले पनि हामीलाई प्रमुख प्रशासकिय अधिकृतको अधीनमा राखेकोजस्तो छ । उनीहरू हाम्रो अधीनमा छैनन् । एक महीनासम्म हामीकहाँ प्रमुख प्रशासकीय अधिकृत नहुदा कोरोनाकालमा काम रोकियो । मेयरलाई १ हजार पनि खर्च गर्ने अधिकार दिएको छैन। प्रत्यक्ष निर्वाचित भएकाले हामी कार्यकारी हुनुपर्ने हो । तर, कर्मचारीतन्त्रले जनप्रतिनिधलाई हाँत बाँध्ने उद्देश्यले यो कानून बनाएको छ। हामी यसरी हाँत बाँधेर काम गर्न सक्दैनौं । आउँदा दिनहरु अझ बढी चुनौतीपूर्ण छन् । हामीले त जसोतसो काम गऱ्यौं । आउँदा दिनमा यो द्वन्द्वको कारण बन्न सक्दछ । फरकफरक राजनीतिक दलबाट आएको हुनाले मतान्तर हुन्छ। मैले त सबैलाई मिलाएर हिँडेको छु, अप्ठेरो छैन । तर, सबैलाई यस्तो सहजता हुँदैन । कुरा नमिल्छ सक्छ। त्यस्तो अवस्थामा मेयर र प्रमुख प्रशासकीय अधिकृत दुवैलाई अधिकार दिनु पर्दछ । हामी कार्यकारी हो, तर कानूले कर्मचारीलाई कार्यकारी बनाइदिएको छ । प्रमुख प्रशासकीय अधिकृत संघको मान्छे होओस्, त्यसमा समस्या भएन । तर, त्यसमा स्थानीय मानिसलाई नै ल्याउनु पर्दछ ।

उसलाई काम गरेन भने स्थानीयले के भन्ला भन्ने दबाब हुन्छ ? बाहिरबाट आएका धेरैमा जागिर खानेमात्र ध्येय हुन्छ । कममात्र यस्ता व्यक्ति हुन्छन्, जसले जनप्रतिनिधिको काँधमा काँध मिलाएर काम गरेका छन् ।

### वीरगञ्जका सम्भावना

वीरगञ्ज एकदमै सम्भावना भएको ठाउँ हो। छ। अहिले वीरगञ्जले राजस्व दिएकै छ देशको लागि भोलिको दिनमा वीरगञ्ज रोजगारी, उद्योग, व्यापार, पर्यटनको राम्रो हब हुन सक्छ । आर्थिक विकासमा टेवा दिन सक्छौं । हामीले आसपासका क्षेत्रलाई पनि समेट्न सकेका छैनौं ।सबैभन्दा बढी आयातनिर्यात यहाँबाटै हुन्छ। वीरगञ्ज देशको मध्यभागको शहर हो । ७० प्रतिशत कार्गो आवागमन यहाँबाट हुन्छ । ढुवानीलाई सस्तो पार्न सकिन्छ । यहाँको उत्पादन लागतलाई सस्तो गर्न सकिन्छ । वीरगञ्जमा आईसीपी र आईसीडी केवल राजस्व संकलनको लागिमात्र बनाइयो । तर, पार्किङ, ट्रान्सपोर्ट नगरको बारेमा केही गरेन । बाटो बनेको छ, ओभरहेड पुल छैन । यस्तोमा दुर्घटना हुन सक्छ। आईसीपी र आईसीडीमा वृक्षारोपण छैन । वायु प्रदुषणले त्यसक्षेत्रमा स्वासप्रश्वास र छालाको रोग बढेको छ ।

यहाँबाट राजस्व जान्छ, संघ सरकारबाट हामीलाई पैसा आउँछ । राजस्वको केही प्रतिशत वीरगजको वृहत विकासको लागि आउनु पर्दछ । त्यसले व्यापार सहजीकरण पनि हुन्छ । अहिले त्यसका लागि दाता गुहार्नु परेको छ। जुन ढंगले काम हुनुपर्ने त्यो भएको छैन । मैले एडिबीसँगको सहकार्यमा वीरगञ्जबाट १ घण्टाको दुरीका ठाउँलाई साधनस्रोतसँग जोडेर विकास गर्ने योजनामा कुरा अघि बढाएको छु। आगामी वर्ष यो योजना अघि बढ्छ । केही दिनमा एडीबीको टीम आएर डीपीआर बनाउने योजना छ। व्यापार प्रदर्शनीस्थल, मण्डी, पर्यटन, सिम्रौनगढ(निजगढ(जगरनाथपुर( ठोरीसम्मको एरिया समेटेर विभिन्न योजना ल्याउने र सबैको विकास हुने गरी काम बढाउने योजना छ। यसमा कोभिडको कारणले ढिला भयो ।

### विकासका लागि प्रोजेक्ट बैंक

महानगरको क्षतमताभन्दा बढीको योजना संघ सरकारले गर्ने हो। हामीले लेखेर पठाइसकेका छौं। आउँदो बजेटले समेट्यो भने हामी गर्न सक्छौं । हाम्रो स्रोत साधनले हुन सक्दैन । आन्तरिक स्रोत त्यति छैन। संघले दिने पैसा सधारण खर्चमा बढी जान्छ । विकासमा २०/२५ करोडमात्र प्रयोग हुन्छ । बाँकी हाम्रो स्रोतबाट हुन्छ । हेरौं, नेपाल सरकारले ती योजना समेट्छ कि समेट्दैन । योजनाको डीपीआरमै मै २० देखि ५० लाख रुपैयाँ जान्छ। हामीसँग प्राविधिक पनि छैन । संघ सरकारले वीरगञ्ज बनाउन सहयोग गर्नु पर्दछ । यो १/२ वर्षमा हुने काम होइन, १५/२० वर्ष नै लाग्छ ।

### ग्रामिण वडाको विकास

वीरगञ्ज ३७ वर्ग किलोमीटरमा नयाँ १०० वर्गकिमी वर्ग ग्रामीण क्षेत्र समावेश गरेर महानगर बनेको हो । अहिले प्रत्येक ग्रामीण वडालाई सडक सम्पर्कबाट मुख्य सडकसँग जोड्न सफल भयौं। यसमा केही शहरी विकास मन्त्रायबाट पनि सहयोग आयो। केहीलाई पूर्णता दिँदैछौं । एडीबीसँग तेस्रो ४ अर्ब पैसा मागेको छु। त्यो त्यही ग्रामीण क्षेत्रको सडक, नाला र बत्तीका लागि हो । आउने ६ महीनामा ती योजना अघि बढ्छन् । वीरगञ्जको रेलवे, इनर र आउटर बाईपास जस्तै उता पनि बन्छन् । सिर्सिया नदी किनारलाई दुवैतिर बाँधेर वीरगञ्जको शुरुआतदेखि भन्सारसम्म सडक जोड्ने योजना बनाएका छौं । त्यहाँ बनाउने नालाबाट उद्योगको पानी ल्याएर अर्को प्रशोधन केन्द्रमा हाल्ने र सिर्सिया नदी सफा बनाउने योजना छ । यसमा १० अर्ब रुपैयाँ खर्च हुने अनुमान छ ।

### अपेक्षा बढी, स्रोत साधन कम

जनताको अपेक्षा बढी हुनु स्वाभाविक हो। २०/२५ वर्ष केही भएकै थिएन । प्रतिनिधि आएपछि अपेक्षा भइहाल्छ। जनताको प्रतिनिधि नभएको अवस्थामा वीरगञ्ज जर्जर भएर बसेको थियो । अति अव्यवस्थित भयो । जथाभावी प्लटिङ, र बस्ती अस्तव्यस्त भयो । अहिले हेर्दा जहाँ पनि नाला र बाटो चाहिएको छ। अहिले पनि ५ सय ठाउँमा लगानीको खाँचो पहिचान गर्न सकिन्छ। सोचेजस्तो विकासका लागि वीरगञ्जलाई १ खर्ब रुपैयाँ चाहिन्छ । पूर्ण महानगर बनाउन यति चाँडो हुँदैन । अहिले हुने खर्च भनेको वर्षमा १ अर्बजति होला। यसमा केन्द्र र प्रदेशले काम गर्नु पर्दछ । व्यवस्थित सहरीकरणका लागि उनीहरूले पनि सहयोग गर्नु पर्दछ। उनीहरुले अफ्नै कार्यकर्तालाई काम दिने भए पनि कहाँ काम गर्ने त्यो हामीसँग सोधेको भए हुन्थ्यो । तर, त्यो खालको समन्वय भएको छैन । अबका दिनका लागि वीरगञ्जको विकासमा अघि बढ्न हामीले बाटो बनाइदिएका छौं । त्यो बाटोमा विकासलाई हिँडाउन राम्रो चालक चाहिएको छ ।

### प्रशासन सुधारमा प्रयास

जनताका प्रतिनिधि आउनुअघ त ब्रम्हलुट नै थियो । कर्मचारीलाई भ्रष्टाचारका बानी परिसकेको छ। त्यो नेक्सस तोड्न त्यति सहजिलो नहुने रहेछ । तर, धेरै तोडिएको छ । लागू गर्ने प्रमुख प्रशासकीय अधिकृतको हातमा छ । उनीहरुको भूमिका त्यति प्रभावकारी भएन। उनीहरुले हाम्रै थाप्लोमा हाल्ने काम गरे । महानगरमा कर्मचारी समायोजनपछ नयाँ र पुराना कर्मचारीबीचको द्वन्द्वको कुरा पनि थियो । अहिले भ्रष्टाचारको गुनासो कम भएको छ। यसमा जनताको पनि कमजोरी छ । कर्मचारीले दु:ख दिएकोबारेमा जनप्रतिनिधिलाई भन्दैनन् ।

### अबको विकल्प

विकास निर्माणका पूर्वाधामा स्वामित्व लिने परिपाटीको कमी छ । बाटोमा गिटीबालुवा थुपारेको हुन्छ, सडक पेटीमा फुटपाथ अतिक्रमण गरेको भेटिन्छ। फोहोर व्यवस्थापनका लागि ३६ हजार डष्टविन बाँडेको छ। टेक्टरमा फाहोर हाल्दैनन्, जम्मा गरेर बीचबाटोमा फाल्छन् । अनि महानगरलाई गाली गरेको हुन्छ। फोहोर त महानगरले गरेको होइन नि । यो कुरामा सुधार आए वीरगञ्जलाई अझ राम्रो र सुन्दर बनाउन सकिन्छ । संरचनाको सही प्रयोग हुनु पर्दछ। त्यो भएन भने वीरगञ्ज कुरुप हुन सक्दछ । अर्को, स्थानीय चुनावमा राजनीतिक आग्रहमात्र हेर्नु हुँदैन। राम्रो मानिसलाई चुन्नु पर्दछ । दृष्टिकोणको व्यक्तिलाई जिताउनु पर्दछ ।

मजस्तो व्यापार छोडेर आएको मान्छे। व्यापारमै लागेको भए वर्षमा ४/५ करोड कमाउन सक्थेँ, त्यो गुमाइरहेको छु। म आरामले व्यापारमा पैसा कमाउन सक्थेँ होला । तर, वीरगञ्जलाई आउने पुस्ताको लागि राम्रो ठाउँ बनाउँन । सफा, सुन्दर र हरेक दृष्टिले सुरक्षित वीरगञ्ज बनाउन म आएको हो । यदि मभन्दा राम्रो मन्छे अगाडि आयो भने म पछि हटेर उसलाई सघाउँछु ।

# कृषि क्षेत्रमा सुधार

संघीय संरचना अघि उप( महानगरपालिकाको रहेको वीरगञ्जलाई महानगरपालिकामा स्तारोन्नति गर्न संघर्ष र आन्दोलन नै गर्नुपऱ्यो ।

वीरगन्ज उपमहानगरपालिकालाई पहिले उपमहानगरपालिकामा मात्रै सीमित राख्ने खोजिए पनि महानगरपालिका बनाउनुपर्ने माग सहितको आन्दोलनपछि ग्रामीण क्षेत्रका भभागलाई समेटेर महानगरपालिका घोषणा गरिएको थियो । त्यसैले पनि महानगरपालिका नै भएपनि अधिकांश वडाहरु ग्रामीणक्षेत्रका रहेका छन् । महानगरपालिकाको ग्रामीण क्षेत्रका अधिकांश वडाहरुमा खेती योग्य जमिन रहेका छन् ।

त्यसैले पनि महानगरपालिकाले कृषि क्षेत्रमा उल्लेख्य कामहरु गरेको छ। कृषि शाखाले आ.व. ०७५/०७६ मा आर्थिक विकास महाशाखा अन्तर्गत नै रहेको कृषि शाखाबाट ७५% अनुदानमा १२५ वटा फलफलको विरुवा वितरण गरेको छ। उन्नत जातका ४ सय तरकारी मिनी किट वितरण तथा प्राङ्गारिक मल २५० बोरा वितरण गरेको थियो । आ.व.२०७६/०७७ मा २२५ जनालाई ७५ प्रतिशत अनुदानमा गहुँको बीऊ विरतण गरिएको थियो ।

२५० जनालाई १० मेटिक टन धानको बिऊ ७५ प्रतिशत अनुदानमा दिइएको छ। ३३ वटा कृषि समहलाई साना सिँचाई पम्पसेट ८५% अनुदानमा वितरण भएको छ । २४ वटा वडामा घुम्ती तालिम तथा तरकारको बीऊ वितरण गरिएको छ।

कौशी खेती प्रविधि सम्बन्धी ५० जनालाई तालिम र तरकारी र बीऊ (कम्पोजिट हाईव्रिड तरकारी किट वितरण) ६४ जनलाई भएको छ। १६ वटा कृषक समहलाई घुम्ती तालिम र बीऊ वितरण गरिएको छ । १३२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको वीरगन्ज महानगरपालिका भित्र ८ हजार ७ सय ४९ हेक्टर खेतियोग्य जग्गा छ ।

**उर्मिला श्रेष्ठ**
**कृषि शाखा प्रमुख**
**वीरगन्ज महानगरपालिका**

सय जनाभन्दा बढी महिलालाई तरकारी तथा च्याउ खेती वारे तालिम दिइएको छ । महानगरपालिकाले प्रदान गरेको तालिम र उपलब्ध गराएको विउलगायतका समाग्रीबाट महिलाहरुले समुह तथा सहकारी नै गठन गरी व्यवसायिक च्याउ खेती सुरु गरेका छन् ।

मुख्य वालिको रुपमा रहेको धानको उत्पादन वृद्धी गर्न वडा नं. ३१ बेलवामा चैते धान पकेट कार्यक्रम संचालन भएको थियो ।

२० विघा क्षेत्रफलमा भएको चैते धान कार्यक्रमबाट सो क्षेत्रका किसानले उत्पादन वृद्धीका उपायवारे जानकारी पाएका छन । कार्यक्रमले किसानलाई धेरै फाईदा भएको छ ।

**केदार राउत कुर्मी**
**बेलवा**

कार्यक्रलाई थप विस्तार गर्ने योजना महानगरले बनाएको छ। खेतीको लागत कम गर्दै कृषकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यका साथ महानगरपालिकाले राखेको छ। उन्तन जातको विउ, कृषि उपकरण, विषादीलगायतका सामग्री अनुदानमा बितरण गरिएको छ । महानगरपालिकाले वितरण गरेको सिंचाई समाग्रीकै कारण गर्तवर्ष मात्र १ सय १० हेक्टर सिंचित क्षेत्र बढाउन सफल भएको छ ।

किसानको हितलाई संरक्षित गर्न महनगारपालिकाले कृषि सिचाई कार्यविधि, कृषक समह दर्ता तथा नविकरण कार्यविधी, रसायनिक मल तथा विषादि नियन्त्रण निर्देशिका, कृषि समाग्री वितरण अनुदान कार्यविधी र भकारो सुधार कार्यविधी स्वीकृत गरिएको छ। परवानीपुरमा कृषि बजार निर्माणको योजना राखेका छौं ।

**विजयकुमार सरावगी**
**नगर प्रमुख**

आ.व.२०७६/०७७ मा कार्यपालिकाबाट केही कार्यविधि र निर्देशिकाहरु पारित गरेर कार्यान्वयनमा ल्याइएको छ ।

कृषि सामग्री अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

साना सिँचाई कार्यक्रम कार्यविधि, २०७६

भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

वीरगन्ज महानगरपालिकाको रासायनिक मल नियन्त्रण निर्देशिका, २०७६

कृषक समह गठन तथा व्यावस्थापन निर्देशिका, २०७६

आर्थिक बर्ष २०७८/०७९ को आर्थिक विकास क्षेत्र अन्र्तगतका प्रमुख नीतिहरु कृषिलाई आधुनिकीकरण गर्न यान्त्रिकरणलाई प्रवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व बृद्धिमा जोड दिइनेछ । व्यावसायिक खेतीलाई प्रोत्साहन गर्न सामुहिक खेतीलाई जोड गरिनेछ ।

सबै प्रकारका जमिनको पर्ण सदुपयोग गर्दै उन्नत जातका फलफल विरुवा अनुदानमा वितरण गरी फलफल खेती प्रवर्द्धन गरी फलफलको उत्पादन बढाइनेछ ।

कृषिजन्य मुख्य खाद्यन्नवालीहरु धान र गहुँ को उत्पादनमा वृद्धि गर्न समुहमा वीज वृद्धि कार्यक्रमहरु सञ्चालन गरी वीरगंज महानगरपालिकालाई आत्मनिर्भर बनाईनेछ ।

उच्च मल्यका नगदे वालीहरु तथा बेमौसमि तरकारी खेती गर्न युवा तथा समहलाई आकर्षित गर्न नगर क्षेत्रमा उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था मिलाइने छ ।

एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम अन्तर्गत कुनै एक वा दुई वडालाई छनौट गरी सम्बन्धित वडालाई पकेट क्षेत्र बनाई वालीको उत्पादकत्व बढाई निकासी गरिनेछ।

नगरपालिका भित्र देखिएको साना कृषि सिंचाई समस्या समाधानको लागि कृषक समहलाई परिचालन गरी स्थानीय श्रोत साधनलाई उपयोग गर्दै अनुदानमा सिंचाई सुविधा उपलब्ध गराई उत्पादकत्व वृद्धि गर्न टेवा पुऱ्याइने छ ।

रासायनिक मलको अभाव न्युनिकरणका लागि अनुदानित मल, बिउ र बिषादी को उपलब्धता स्थानीय स्तरमा गठित मल वितरण समितिलाई जिम्मा लगाई सक्रिय रुपमा सञ्चालन गरिनेछ र माटोको उर्बरा शक्ति बढाउन प्राङगारिक मलको प्रयोग प्रवर्द्धन गर्दै अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ।

वेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विकास निर्माणको क्षेत्रमा सरिक गराइनेछ ।

युवालाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

पर्यटन प्रवर्द्धनका लागि वडा नं ३१ र ३२ मा संभाव्यक्ता अध्ययन गरी कार्य अगाडी बढाइनेछ ।

पछाडि परेको समुदायको सहभागिमा सामुदायिक होमस्टे संचालन गर्न प्रोहत्सान गरिनेछ ।

सहकारी, समह र निजी क्षेत्रको सहकार्यमा वीरगंजका ग्रामिण क्षेत्रमा कृषि तथा पशु हाटवजार निर्माण गरी संचालन गर्न सहयोग उपलब्ध गराईनेछ ।

सहकारी संस्थाहरुको नियमन र अनुगमनलाई प्रभावकारी वनाईनेछ। ग्रामिण वडाहरुमा संचालनमा रहेका सहकारीलाई उत्पादन र रोजगारमलक कार्यमा लाग्न प्रेरित गरिनेछ ।

तरकारी, दुग्धजन्य पदार्थ र सुपथ पसल संचालन गर्ने सहकारी संस्थालाई विशेष सुविधा उपलब्ध गराईने छ ।

स्थानीय उत्पादनको मल्य निर्धारण र अन्य वस्तु तथा सेवाहरुको मल्यमा एकरुपता कायम गर्न आवश्यक नीति नियम र कानुनमा परिमार्जन गर्दै लगिने छ ।

किसानको उत्पादनलाई वजारीकरणका लागि सहकारी संस्थाहरुलाई प्रेरित गरिनेछ ।

रोजगार सचना केन्द्रको स्थापना गरी सीप भएका र नभएका वेरोजगारको तथ्यांक संकलन गरिने छ, वेरोजगार श्रमिकहरुलाई औद्योगीक र अनौपचारिक क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारको व्यवस्था मिलाइने छ ।

## कानून....

वीरगन्ज महानगरपालिकाले चारबर्षको अवधिमा निम्नानुसारको ऐन, नियम, नियमावली र कार्यविधिहरु निर्माण गरिसकेको अवस्था छ ।

### वीरगंज महानगरपालिकाको राजपत्रमा प्रकाशित ऐन तथा कार्यविधिहरु

**ऐनहरु**

आ. व. २०७५/२०७६

१. वीरगञ्ज महानगरपालिकाको शिक्षा (पहिलो संसोधन) ऐन २०७५

२. वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७५

३. वीरगंज महानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७४

४. वीरगंज महानगरपालिकाको सहकारी ऐन, २०७५

५. वीरगंज महानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७५

६. वीरगंज महानगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

७. वीरगंज महानगरपालिकाको स्थानीय कृषि व्यावसाय प्रर्वद्धन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

८. वीरगंज महानगरपालिकाको एफ. एम. रेडियो ऐन, २०७५

९. वीरगंज महानगरपालिकाको न्यायिक कार्यविधि ऐन, २०७५

१०. वीरगंज महानगरपालिकाको स्वाथ्य तथा सरसफाई सेवा ऐन, २०७५

११. वीरगंज महानगरपालिकाको आर्थिक ऐन पहिलो संसोधन, २०७५

**आ. व. २०७६/२०७७**

१२. वीरगंज महानगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६

१३. वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०७६

१४. वीरगंज महानगरपालिकाको भोजपुरी प्रतिष्ठान ऐन २०७६

१५. नगर प्रहरी ऐन २०७७

**आ. व. २०७७/२०७८**

१६.वीरगंज महानगरपालिकावातावरण संरक्षण ऐन, २०७७

१७. वीरगंज महानगरपालिका कर्मचारी व्यवस्थापन तथा समायोजन (पहिलो संशोधन) ऐन, २०७८

१८. वीरगंज महानगरपालिका सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७८

१९. वीरगंज महानगरपालिका आम सञ्चार ऐन, २०७८

२०. वीरगंज महानगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन ऐन, २०७८

**कार्यविधि, नियमावली तथा निर्देशिका आ. व. २०७४/२०७५**

१. वीरगंज महानगरपालिकाको निर्णय, आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४

२. वीरगंज महानगरपालिकाको बैठक संचालन कार्यविधि, २०७४

३. वीरगंज महानगरपालिकाको शिक्षा नियमावली, २०७४

**आ. व. २०७५/२०७६**

४. वीरगंज महानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

५. वीरगंज महानगरपालिकाको टोल विकास संस्था संचालन कार्यविधि, २०७५

६. वीरगंज महानगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

७. वीरगंज महानगरपालिकाको सार्वजनिक सम्पत्ति छानविन समितिको कार्यविधि, २०७५

८. वीरगंज महानगरपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७५

९. वीरगंज महानगरपालिकाको 'घ' वर्गको निर्माण इजाजतपत्र प्रदान सम्बन्धि कार्यविधि, २०७५

१०. वीरगंज महानगरपालिकाको यातायात तथा सवारी व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७५

११. वीरगंज महानगरपालिकाको मालसामान लिलाम बिक्री सम्बन्धि कार्यविधि, २०७५

१२. वीरगंज महानगरपालिकाको विधायन समितिको नियमावली, २०७५

१३. वीरगंज महानगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन नियमावली, २०७५

१४. वीरगंज महानगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७५

१५ वीरगंज महानगरपालिकाको स्वाथ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धि निर्देशिका,२०७५

**आ. व. २०७६/२०७७**

१६. वीरगंज महानगरपालिकाको भवन निर्माण मापदण्ड, २०७६

१७. वीरगंज महानगरपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र निर्देशिका, २०७६

१८. वीरगंज महानगरपालिकाको स्थानीय सेवाप्रदायक संस्था छनोट कार्यविधि, २०७६

१९. वीरगंज महानगरपालिकाको यातायात तथा सवारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

२०. वीरगंज महानगरपालिकाको सहकारी संघ संस्थाको सघन निरीक्षण तथा अनुगमन कार्यविधि,२०७६

२१. वीरगंज महानगरपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७६

२२. वीरगंज महानगरपालिकाको रासायनिक मल नियन्त्रण, वितरण निर्देशिका, २०७६

२३. वीरगंज महानगरपालिकाको राजस्व संकलन, समन्वय तथा अनुगमन सम्बन्धि कार्यविधि, २०७६

२४. वीरगंज महानगरपालिकाको बाल संरक्षण सम्बन्धि कार्यविधि, २०७६

२५. अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७६

२६. व्यवसाय कर कार्यविधि, २०७६

२७. घर जग्गा बहाल कर कार्यविधि, २०७६

२८. वीरगंज महानगरपालिकाको भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६

२९. वीरगंज महानगरपालिकाको कृषि सामाग्री अनुदान संञ्चालन कार्यविधि, २०७६

३०. वीरगंज महानगरपालिकामा साना सिँचाई कार्यक्रम सम्बन्धि कार्यविधि, २०७६

३१. वीरगंज महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७७

३२. वीरगंज महानगरपालिका तालिम केन्द्र संचालन व्यवस्थापन कार्यविधि,२०७७

३३. वीरगंज महानगरपालिका छापा तथा लोक कल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७७

३४. वीरगंज महानगरपालिका विद्युतीय संचार माध्यमको विज्ञापन वितरण कार्यविधि,२०७७

३५. वीरगंज महानगरपालिका नगर प्रहरी नियमावली, २०७७

३६. वीरगंज महानगरपालिका शैक्षिक सम्पर्क केन्द्र व्यवस्थापन कार्यविधि, २०७७

३७. वीरगंज महानगरपालिका कन्टिन्जेसी रकम खर्च गर्ने सम्बन्धि निर्देशिका, २०७८

३८. सहकारी नियमावली, २०७८

३९. सहकारी संस्था नियमन दिग्दर्शन, २०७८

४०. सहकारी संस्था एकीकरण कार्यविधि, २०७८

४१. वैदेशिक रोजगार कार्यविधि, २०७८

४२. बालअधिकार संरक्षण तथा प्रर्वद्धन कार्यविधि, २०७८

४३. सुरक्षित आप्रवाशन कार्यविधि, २०७८

४४. मेयर रिसर्च फेलोशिप कार्यक्रम कार्यविधि, २०७८

४५.संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७८

## स्थानीय.........

गरिएको छ । धारा ५७(५) मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची(९ मा उल्लेखित विषयमा निहीत रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुनेछ भनिएको छ ।

धारा ५७(६) मा प्रदेशसभा, गाउँसभा वा नगरसभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेशसभा, गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुनेछ भनिएको छ । धारा ५७(७) मा गाउँसभा वा नगरसभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँसभा वा नगरसभाले बनाएको त्यस्तो कानुन प्रदेश कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

### स्थानीय तहको आर्थिक अधिकार

स्थानीय तहले आर्थिक अधिकारको प्रयोग गर्ने विषयमा संविधानको धारा ५९ का ७ उपधाराले प्रष्ट व्यवस्था गरेको छ । धारा ५९(१) मा भनिएको छ( "संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् ।" धारा ५७ (३) मा "संघ, प्रदेश र स्थानीय तहले आ(आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुने" व्यवस्था गरिएको छ। धारा ५९(४) मा "संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने" संवैधानिक व्यवस्था गरिएको छ । धारा ५९(५) मा "संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोगद्वारा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानुन बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनुपर्ने" दायित्व थप गरिएको छ । धारा ५९(७) मा "संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ" भनिएको छ ।

### संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध

संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धका विषयमा नेपालको संविधान २०७२ को भाग २० को धारा २३१(२३७ मा व्यवस्था गरिएको छ । धारा २३२ का ८ उपधारामा ३ तहबीचको सम्बन्धमा चर्चा गरिएको छ । धारा २३२(१) मा यी तीन तहबीचको सम्बन्ध "सहभागिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने" बताइएको छ । धारा २३५ मा यी तीन तहबीचको समन्वय बारे चर्चा गरिएको छ। यस्तो समन्वय कायम गर्न सघीय संसद्ले आवश्यक कानुन बनाउने र प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी यस्तो विवादको समाधान गर्न सक्ने व्यवस्था गरिएको छ ।

### स्थानीय आर्थिक कार्यप्रणाली

नेपालको संविधान २०७२ को भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली शीर्षक अन्तर्गतका तीन धारामा (धारा २२८(२३०) मा कर लगाउन वा ऋण लिन नपाइने (कानुन बमोजिम बाहेक) स्थानीय सञ्चितकोष र गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान आदि विषयमा क्रमश: व्यवस्था गरिएका छन् । धारा २२८ मा कानुन बमोजिम बाहेक कर लगाउन, उठाउन र ऋण लिन नपाइने, स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही कानुन बनाई कर लगाउन पाउने व्यवस्था गरिएको छ। धारा २२९ अनुसार स्थानीय सञ्चित कोषमा गाउँपालिका र नगरपालिकाका सम्पूर्ण स्रोतबाट प्राप्त हुने अनुदान र रकम जम्म हुने र स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्चसम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ । धारा २३० अनुसार गाउँपालिका र नगरपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुनबमोजिम गाउँसभा र नगरसभामा पेश गरी पारित गराउनुपर्ने व्यवस्था रहेको छ । गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा संघीय कानुन र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ ।

### केन्द्र, प्रदेश र स्थानीय तहबीच राजस्व स्रोतको बाँडफाँड

नेपालको संविधान २०७२ को भाग ५, धारा ६० का ८ उपधाराले यी तीन तहबीचको राजस्व स्रोतको बाँडफाँडका विषयमा व्यवस्था गरेका छन् । यसमा भएका व्यवस्थाअनुसार स्थानीय तहले यस क्षेत्रमा निम्न कार्य गर्ने किटान गरिएको छ(

(क) आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रका विषयमा कर लगाउने र स्रोतबाट राजस्व उठाउनेः धारा ६० (१) ले स्थानीय तहलाई आफ्नो आर्थिक अधिकार क्षेत्रभित्र रहेर क्षेत्राधिकार भित्र पर्ने विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने अधिकार प्रदान गरेको छ ।

(ख) राजस्वको न्यायोचित वितरणः धारा ६०(२) ले "नेपाल सरकारले संकलन गरेको राजस्व, संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने" व्यवस्था गरेको छ । यस अनुसार स्थानीय तहमाथि अन्याय हुने सम्भावना संविधानले न्यून गरेको छ ।

(ग) वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा हुनेः स्थानीय तहलाई आर्थिक अन्याय नहोस् भन्ने प्रयोजनले संविधान (२०७२) को धारा ६०(३) ले प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने" कुरा उल्लेख गरिएको छ । स्थानीय स्वायत्त ऐन २०५५ अनुसार जिल्ला विकास समिति र गाउँ विकास समितिबीच यस्ता विषयमा प्रशस्त विवाद भएका थिए ।

(घ) स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरणः स्थानीय तहले आफ्नो खर्च कसरी जुटठाउँछ भन्ने विषयमा वर्तमान संविधानको धारा ६०(४) ले "नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने" व्यवस्थाको चर्चा गरेको छ ।

(ङ) प्रदेशले अनुदान र राजस्व स्थानीय तहको खर्चको आवश्यकता हेरी तय गर्नेः प्रदेशले सरकारी अनुदान र राजस्व स्थानीय स्तरको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुन बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने कुरा धारा ६० (५) मा उल्लेख गरिएको छ ।

(च) राजस्वको बाँडफाँड सन्तुलित र पारदर्शी हुनुपर्नेः संघ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने व्यवस्था धारा ६०(७) मा गरिएको छ ।

(छ) राजस्व बाँडफाँड सम्बन्धी संघीय ऐन बनाउदा ध्यान दिनुपर्ने कुराहरूः धारा ६०(८) ले राजस्व बाँडफाँडसम्बन्धी संघीय ऐन बनाउदा ध्यान दिनुपर्ने कुराहरूका विषयमा चर्चा गरेको छ जसमा "राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायतत्ता, प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरिबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्ने विषयहरूमा ध्यान दिनुपर्ने" जस्ता कुरा उल्लेख गरिएको छ ।

### स्थानीय निर्वाचित सरकारका विद्यमान चुनौती

२० वर्षपछि बडो उत्साह, उमंग, जोश जाँगर, हौसला आदि लिएर स्थानीय सरकारमा पुगेका निर्वाचित पदाधिकारीले अनेक समस्या र चुनौतीको सामना गर्नु परेको छ । त्यस्ता चुनौतीहरूलाई अध्ययनका सुगमताका दृष्टिले राजनीतिक, आर्थिक, सामाजिक(साँस्कृतिक, भाषिक, शैक्षिक, कानुनी, क्षेत्राधिकारसम्बन्धी आदि विभिन्न उपशीर्षकमा विभाजन गर्न सकिन्छ ।

(१) राजनीतिक चुनौती : आफैं घर छेउ र टोलका जनताद्वारा निर्वाचित भएर आएका हुनाले जनप्रतिनिधिहरूले बिहानदेखि बेलुकासम्म जनताका समस्या, पिरमार्का, गुनासा सुन्नुपर्ने तर त्यसका समाधानका लागि पर्याप्त आर्थिक, भौतिक र कानुनी पूर्वाधार नबनिसकेकाले अनेक समस्या झेल्नु परेको छ र झेल्नुपर्ने स्थिति छ। कुनै दलबाट निर्वाचित भई सिंगो सरकारको प्रतिनिधिका रूपमा कार्य गर्नुपर्ने भएकाले सबैको सकारात्मक समर्थन ( राम्रो कार्यमा पनि) प्राप्त गर्नु एक अत्यन्तै चुनौतीपूर्ण कार्य हो ।

आफ्ना कार्यका लागि सबै दलको समर्थन प्राप्त गर्नु त्यति सहज कार्य पनि होइन ।

(२) आर्थिक चुनौती : केन्द्रीय सरकारले पोल्टोमा हालिदिएको रकमबाट विकास निर्माणका कार्य गर्नुपर्ने, स्थानीय स्तरमा अनगिन्ती समस्याहरू हुने, स्थानीय आम्दानीका स्रोत सीमित भएकाले ती सबैको समाधान गर्न पर्याप्त आर्थिक स्रोत नहुने, जनताका माग गुनासा अत्याधिक हुने र कडा सरकारी निर्देशनमा कार्य गर्नुपर्ने भएकाले जनप्रतिनिधिलाई फलामको च्यूरा चपाउनु सरह हुनेछ ।

(३) सामाजिक(साँस्कृतिक चुनौती : गाउँपालिका र नगरपालिका भित्र अनेकौं सामाजिक(साँस्कृतिक चुनौती, सामाजिक समूहहरू हुने, जनप्रतिनिधिहरूले यस्ता विभिन्न धार्मिक, भाषिक, जातीय समूहसँग कार्य गर्नुपर्ने हुनाले सबैलाई सन्तुष्ट पार्नु एक जटिल कार्य हुनेछ ।

(४) संवैधानिक(कानुनी चुनौती : जनप्रतिनिधिहरूले विद्यमान कानुनी र संवैधानिक व्यवस्थाबाट कुनै चुनौतीको सामना गर्नुपर्ने हुन्छ । विद्यमान संवैधानिक र कानुनी व्यवस्था अपर्याप्त भएको र यसलाई व्यवहारमा कार्यान्वयन गर्नु अति नै जटिल कार्य बनेको छ ।

(५) प्रशासनिक चुनौती : निर्वाचित जनप्रतिनिधिहरूलाई केन्द्रीय कर्मचारीतन्त्रबाट पूर्ण समर्थन प्राप्त हुने र नहुने कुरा निश्चित छैन । कर्मचारीतन्त्रबाट पूर्ण समर्थन प्राप्त नभएमा यस्ता प्रतिनिधिलाई कार्य गर्न गाह्रो अवश्य हुन्छ ।

(६) केन्द्रले पोल्टामा हालिदिएको विकास बजेटमा भर पर्नुपर्ने : १९ वर्षसम्म निर्वाचत नहुँदा जनताहरू आफ्ना क्षेत्रमा विकास निर्माणका कार्य हुन नसकेको कारण नेपाली लोकतन्त्रका निरंकुश नेतृत्वको सोचदेखि वाक्क भएका छन् । यसै परिप्रेक्ष्यमा १९ वर्षदेखि थन्किएर बसेका जनताका बढ्दा आकाक्षालाई कसरी सम्बोधन गर्ने र मुलुकको विकासलाई अगाडि बढाउने, केन्द्रले आफ्नो पोल्टामा हालिदिएको सीमित विकास बजेटले उनीहरूको आकाक्षा पूरा हुन नहुने, उनीहरूका आकांक्षा बढ्दो निरासामा परिणत हुने कि नहुने यी कुरा भने भविष्यकै गर्भमा रहेको छ ।(७) स्थानीय तहको केन्द्रसँगको सम्बन्ध : स्थानीय तहको केन्द्रसँगको सम्बन्धको अध्ययन यस दिसामा महत्वपूर्ण बन्ने गर्दछ । केन्द्र स्थानीय तहप्रति सकारात्मक भएमा स्थानीय तहले सफलतासाथ कार्य गर्न सक्छ ।

तर नकारात्मक दृष्टिकोण राखी अनेक अनावश्यक निर्देशन जारी गरी उनीहरूलाई निरुत्साहित गर्ने गरेमा स्थानीय तहमा निरासा छाउने र स्थानीय लोकतन्त्रसमेत कमजोर बन्ने र निर्वाचित जनप्रतिनिधिमाथि कर्मचारीतन्त्र हावी हुन पुग्छ ।

